का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २०३
❒ २२ भदौ २०७८, मंगलबार
❒ 7 September 2021, Tuesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।



आइतबार विहानको लगातार वर्षाका कारण अरनिको राजमार्ग सडक खण्डअन्तर्गत काभ्रेपलाञ्चोको बनेपामा फसेको सवारीसधान । लगातार परेको वर्षाका कारण राजधानी उपत्यका सहित मुलुकका विभिन्न भूभाग प्रभावित बनेको थियो । तस्वीरः पेमा लामा

# मुठभेडको संकेत

साउनको अन्त्यसँगै अन्त्य गरिएको प्रतिनिधिसभा अधिवेशन फेरि बोलाइएको छ । सरकारले यो संसदबाट अध्योदश बजेट संशोधनको तयारी गरेको छ भने प्रमुख विपक्षी दल नेकपा एमालेले सहज सञ्चालन हुन नदिने तयारी गरेको छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ भदौ ।

दल विभाजन सम्बन्धी अध्योदश ल्याउने उद्देश्यकै निम्ति साउनको अन्तिम दिन अन्त्य गरिएको प्रतिनिधिसभा अधिवेशन फेरि बोलाएको छ। अधिवेशन २३ भदौबाट शुरु हुँदैछ । तर प्रमुख विपक्षी दल नेकपा एमालेले भने संसद् बैठक सहज रुपमा सञ्चालन हुन नदिने तयारी गरेको छ ।

सोमबार राजधानीमा आयोजित एक कार्यक्रममा एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभा सञ्चालनमा सहजता नरहेको सन्देश दिए । सभामुख अग्निप्रसाद सापकोटा विरुद्ध कडा रुपमा प्रस्तुत भएका ओलीले बैठक सञ्चालन गरेर देखाउने समेत चुनौती दिए । ओलीले सभामुख सापकोटालाई सभामुखको भूमिकामा नरहेर सत्तारुढ गठबन्धनको प्यादा बनेको आरोप लगाए । दोस्रो पटक प्रतिनिधिसभा पुनर्स्थापना भएपछि गएको ३ साउनको पहिलो बैठकमा सभामुख सापकोटाले आफ्नो भूमिका बिपरीत अभिव्यक्ति दिएको बताए ।

पार्टीबाट अलग भएका १४ सांसदको पद जोगाएको समेत ओली आक्रोशित बने। एमालेले कारबाही गरेका बाँकी पृष्ठ २ मा

# कात्तिकमा जनगणना

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २१ भदौ ।

सरकारले आगामी कात्तिकमा राष्ट्रिय जनगणना गर्ने भएको छ । कोरोना महामारीका कारण प्रभावित बनेको जनगणना- २०७८ आगामी कात्तिकमा गर्ने भएको हो । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले जनगणना २५ कात्तिक देखि ९ मंसिरसम्म गर्ने निर्णय गरेको हो।

राष्ट्रिय जनगणना-२०७८ संशोधित कार्यतालिका स्वीकृत गर्दै आगामी कात्तिकमा जनगणना गर्ने निर्णय गरेको हो । बैठकले नेपाल-भारत सीमा क्षेत्र छाङरुङमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको गुल्म स्थापना गर्न आवश्यक सामग्री उपलब्ध गराउने निर्णय पनि गरेको सरकार प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीलेब ताए ।

प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले दार्चुला जिल्लाको व्यास गाउँपालिका १ छाङरुङमा स्थापना भएका नेपाल प्रहरी चौकी र सशस्त्र प्रहरी चौकीहरुको भवन निर्माण प्रयोजनका लागि सल्ला प्रजातिका काठहरु उपयोगमा ल्याउन स्वीकृत प्रदान गर्ने निर्णय गरेको हो ।

बैठकले अन्तर्राष्ट्रिय विकास संस्थाबाट विद्यालय क्षेत्र सञ्चालन गर्ने प्रयोजनका लागि ५ अर्ब ५४ करोड रुपैयाँ बराबरको सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

सरकारले अन्तर्राष्ट्रिय विकास सहायता मार्फत् नेपाल स्वास्थ्य



सोमबार बसेको मन्त्रिपरिषद् बैठकले जनगणना २५ कातिक देखि ९ मंसिरसम्म गर्ने निर्णय गरेको हो ।

क्षेत्र व्यवस्थापन सुधारका लागि प्राप्त ५० मिलीयन अमेरीकी डलर सहायता स्वीकार गर्ने निर्णय बैठकले गरेको सरकारका प्रवक्ता कार्कीले जानकारी दिए । बैठकले बीपी कोइराला राष्ट्रिय पुरस्कार स्थापना गर्ने निर्णय गरेको उनले बताए ।

गठबन्धनमा संलग्न दलहरूको सहमतिमा सरकारले एकाध दिनभित्रै पूर्णता पाउने मन्त्री कार्कीले बताए । मन्त्री कार्कीले अघिल्लो सरकारले अध्यादेशमार्फत ल्याएको चालु आर्थिक वर्षको बजेट संशोधन गर्ने बताए । प्रतिपक्षी दलका नेता केपी शर्मा ओलीसँग पनि आफूले सरकारको तर्फबाट छलफल गरेको उल्लेख गर्दै सहमतिका आधारमा बजेट संशोधन हुने उल्लेख गरे ।

बैठकले आर्थिक वर्ष २०७८/०७९ का लागि बिभिन्न आयोजनाका लागि स्थायी र अस्थायी दरबन्दी सिर्जना गर्ने निर्णय गरेको छ। त्यस्तै निजामती कर्मचारी सेवा नियमावली व्यवस्था बमोजिम निजामती सेवा दिवसका अवसरमा ४० जनालाई पुरस्कार प्रदान गरिने निर्णय पनि बैठकले गरेको छ ।

# आज अन्तिम टुंगो लाग्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ भदौ ।

नेकपा एमाले र जनता समाजवादी पार्टी (जसपा) का सांसदहरुलाई दिइएको दल रोज्ने समय आज सकिदैछ । निर्वाचन आयोगले एमालेका सांसदहरुलाई पुरानै पार्टीमा बस्ने वा नेकपा (एकीकृत समाजवादी) रोज्ने र जसपाका सांसदहरुलाई पनि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) जानेहरुका लागि सनाखत गराउँदैछ । आज अन्तिम दिन भएकाले पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको पार्टी एकीकृत समाजवादी र ठाकुरको पार्टी लोसपाको आकार कत्रो बन्नेछ भन्ने पनि टुंगो लाग्नेछ ।

सोमबारसम्म एकीकृत समाजवादीमा प्रदेश १ बाट १०, प्रदेश २ बाट १३, बागमतीबाट १३, लुम्बिनीबाट एक, कर्णालीबाट तीन र सुदूरपश्चिम प्रदेशबाट १४ प्रदेससभा सदस्य लागेका छन् । लोसपा रोज्ने प्रदेशसभा सदस्य भने १६ पुगेको छ । साविकको जसपा बनिरहँदा ठाकुरसँग २५ सांसद थिए । तर दल विभाजन भएपछि भने नौ जना सांसद उपेन्द्र यादवतिर लागेका छन् ।

एकीकृत समाजवादी पार्टी रोज्ने प्रदेशसभा सदस्यहरु प्रदेश २ र सुदूरपश्चिममा भने एमाले भन्दा धेरै देखिएको छ । प्रदेश २ मा एमालेका २१ मध्ये एकीकृत समाजवादीमा १३ जना लागेका छन् । सुदूरपश्चिममा त एकीकृत समाजवादी पार्टी प्रदेशसभाकै ठूलो दल बनेको छ। १४ बाँकी पृष्ठ २ मा




# सिटिइभिटीको तालिम वैदेशिक रोजगारका लागि प्रभावहीन

**रेशमराज पौडेल/मध्यान्ह**
काठमाडौं, २१ भदौ

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विश्व बैंकको सहयोगमा सञ्चालन गरिरहेको सीप तालिम कार्यक्रम वैदेशिक रोजगारीमा जाने कामदारहरुका लागि प्रभावकारी हुन नसकेको औंल्याइएको छ ।

महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको वार्षिक प्रतिवेदनले पछिल्ला वर्षमा नेपालबाट ठूलो संख्यामा अदक्ष कामदार वैदेशिक रोजगारीमा गइरहेको तर तालिम अन्तर्राष्ट्रियस्तर र रोजगारदाताले खोजेजस्तो मापदण्ड अनुसारको नभएको भन्दै मन्त्रालय अन्तर्गत सञ्चालित तालिमको प्रभावकारितामा प्रश्न उठाएइको हो ।

नेपालमा आधारभूत र मध्यमस्तरीय जनशक्ति उत्पादन गर्ने, सीपको स्तर निर्धारण गर्ने, तालिम प्रदायक निकायहरुसँग समन्वय गर्न प्राविधिक शिक्षा एवं व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को स्थापना भएको भएपनि परिषद्ले आफ्नो उद्देश्य अनुसार दक्ष जनशक्ति उत्पादन गर्न नसकिरहेको प्रतिवेदनमा औंल्याइएको छ ।

नेपालको विदेशी मुद्रा आर्जन र आर्थिक विकासमा वैदेशिक रोजगारको योगदान महत्वपूर्ण रहेको र हालसम्म ४४ लाख ३४ हजार बढी नेपाली वैदेशिक रोजगारमा रहेको भन्दै प्रतिवेदनमा वैदेशिक रोजगारमा जानेमध्ये अधिकांशले उपयुक्त तालिमको अभावमा रोजगारीको राम्रो अवसर नपाएको दाबी गरिएको छ ।

परिषद् अन्तर्गत र अन्य सरकारी निकाय समेतबाट छोटो अवधिको तालिम लिई सीप परीक्षणका लागि आवेदन लिई प्रमाणीकरण गरिएको संख्या हालसम्म १ लाख १७ हजार रहेकोमा त्यसको ७४ प्रतिशतमात्र वैदेशिक रोजगारमा गएको औंल्याइएको छ ।

प्रतिवेदनले आर्थिक वर्ष २०७५/७६ मा वेदेशिक रोजगारीमा गएको संख्यामध्ये दक्ष कामदार २५.६ प्रतिशत, अर्धदक्ष ८.३ प्रतिशत र अदक्ष ६६.१ प्रतिशत रहेको भन्दै पछिल्लो आर्थिक वर्ष २०७६/७७ मा त्यो क्रमशः २८.९ प्रतिशत, ८.९ प्रतिशत र ६२ प्रतिशत रहेको उल्लेख गरेको छ ।

यसले वैदेशिक रोजगारमा जाने अदक्ष कामदारको संख्या अधिक रहेको स्पष्ट हुने उल्लेख गर्दै प्रतिवेदनले वैदेशिक रोजगारीबाट फर्किएकामध्ये १० प्रतिशत कामबाट निकालिएका, १२ प्रतिशत राम्रो काम नपाएका र ८ प्रतिशतले सीप अनुसारको काम नपाएका कारण फर्किएको उल्लेख छ ।

वैदेशिक रोजगारीबाट फर्किएकामध्ये ४४ प्रतिशतले रोजगार प्राप्त गरेको र ५६ प्रतिशत बरोजगार रहेको उल्लेख गरेको र रोजगारी प्राप्त गरेका मध्येपनि २३ प्रतिशत औपचारिक क्षेत्रमा र ७७ बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# कुवेतमा चार नेपाली पक्राउ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २१ भदौ

कुवेतमा गैरकानूनीरुपमा मदिरा व्यापार गरेको आरोपमा पुनः चार नेपाली कामदार पक्राउ परेका छन्। कुवेतको हवेलीस्थित अपार्टमेन्टमा गोप्यरुपमा घरेलु मदिरा उत्पादन गरी बिक्री गर्ने तयारी गरिरहेका बेला उनीहरुलाई पक्राउ गरेको अरब टाइम्स अनलाइनले उल्लेख गरेको छ ।

प्रहरीले शंका लागि घेरा हालेर पक्राउ गरेको बताइएको छ । पक्राउ गरेपछि प्रहरीले अभियुक्तहरुको राष्ट्रियताको खोजवीन गर्दा उनीहरु नेपाली रहेको खुलेको हो ।

केही समयअघि पनि कुवेतको साल्मी बन्दरगाह नजिकै एउटा अपार्टमेन्टमा अवैधरुपमा गोप्य तरिकाले घरेलु मदिरा उत्पादन गरिरहेको अवस्थामा कुवेत बाँकी पृष्ठ २ मा

# समाज सेवामा ज्वलन्त उदाहरण सुन्दरहरैंचाका भोलानाथ मगर

तेजबहादुर बन/मध्यान्ह
इटहरी, २१ भदौ

यहाँ मान्छे चर्चामा आउन अनेकौं तरिकाहरू अपनाइरहेका हुन्छन् । केहि समाजसेवा गरे जस्तै देखाएर मात्रै चर्चामा आएका छन् भने केहिले साच्चिकै समाजसेवा गरेका छन् । तर समाजमा यस्ता व्यक्ति पनि छन् । जसले आधा उमेर समाजसेवाकै लागि भनेर जीवन सुम्पिएका छन् । समाजमा निश्वार्थ भावले सुधारात्मक क्रियाकलाप र उदाहरणीय कामहरू गरेर देखाएपनि चर्चामा कहिले आउन चाहेका छैनन् । यस्तै समाजसेवाका ज्वलन्त उदाहरण हुन् मोरङ सुन्दरहरैचा ६ निवासी भोलानाथ थापा मगर ।

कपाल सेतै फुलेका, उमेरले ६० नाघेका तर अझैं जोस जागर भने युवा पुस्ताको झैं देखाउने उनले जीवनको आधा जसो समय समाजसेवामै सुम्पिएका छन् । समाजमा बसेर अनगिन्ति उदाहरणहरू प्रस्तुत गरिसकेपनि चर्चामा आउन कहिले होनन् ।

गाउँमा हुने सामान्य विकाश निर्माणदेखि शहर सम्मलाई नमुना बनाउनको निमित्त उनको योग्दानको जति चर्चा गरेपनि अझ कम नै हुन्छ । पूर्व ब्रिटिस सेनासमेत रहेका सुन्दरहरैंचा ६ निवासी भोलानाथ बाल्यकाल देखि निडर र समाजसेवाप्रति रूची राख्दै आएको बताउँछन् । संखुवासभाको तत्कालिन नुम गाविस ८ खोलाखानीमा जन्मिएका मगर १३ वर्षको बाल्यकालदेखि नै समाजसेवा प्रति रूची राख्दै गाउँमै साना तिना विकाशका कामहरूमा सहयोग जुटाउन सक्षम हुन्थे ।

२०५२ सालमा गाउँबाट तराईका जिल्ला सुनसरी झरेका मगर २०३२ सालदेखि ब्रिटिस सेनामा कार्यरत रहि १८ वर्षसम्म सेवामै रहे । २०५० सालमा पेन्सन आएपछि मगर समासेवामा सकृय रहेका छन् । 'समाजसेवा भनेको चर्चामा आउन होइन भित्र मनबाट सद्भाव राखेर गरिने निस्वार्थ सेवा हो' उनी भन्छन् । पेन्सनबाट प्राप्त रकम घर खर्च कटाएर आधा रकम समाज सेवाको लागि खर्च गर्ने गरेको मगर बताउँछन् । उनले हालसालै सुन्दरहरैंचा नगरपालिका ६ मा पर्ने हिलाम्मे सडकमा आफ्नै लगानीमा गिट्टी बालुवा हाल्ने र खाल्डा खुल्डी सडकहरू पुर्ने काम सम्पन्न गरिसकेका छन् ।



त्यस्तै अघिल्लो वर्ष पनि सुन्दरहरैचाको खुर्साने सडक खण्डमा उनले आफ्नै लगानीमा करिब ५०० मिटर सडक ग्राभेल गरेका थिए । बढ्दो शहरीकरणसँगै सवारी साधनले सडक खाल्डाखुल्डी बनाइदिँदा त्यहि पानी जमेपछि सर्वसाधारणले पाउने सास्तीलाई मध्ययनजर गर्दै समाजसेवी मगरले त्यस्ता खाल्डा परेका सडकहरूमा गिट्टी हालेर सम्याएका हुन् । अघिल्लो वर्ष पनि उनले सुन्दरहरैचा वडा नं. ६ मा विभिन्न सडक खण्डमा यसरी नै गिट्टी हालेर समाजसेवाको ज्वलन्त उदहारण प्रस्तुत गरेका थिए । त्यस्तै २०७४ साल साउन २७ गते आएको भिषण बाढीबाट प्रत्यक्ष प्रभावित मोरङ बलिया, बाँसबारीका ८५ भन्दा बढी पीडितहरूलाई एकल लगानीमा वडा कार्यालयको समन्वयमा खाद्यन्न तथा लत्ता कपडा वितरण गरेका थिए । उनले नेपाल टेलिभिजन, न्युज २४ बाट प्रशारण हुने सिधा कुरा जनतासँग कार्यक्रममार्फत पनि बाढी पीडितहरूलाई आर्थिक सहयोग गरेका थिए ।

पेन्सन आएपछि अमेरिका, लण्डन, हङकङ,अष्ट्रेलिया, जापान लगायत एक दर्जन बढी राष्ट्रहरू भ्रमण गरिसकेका मगर विदेशमै रहँदा पनि गत २०७२ सालमा गएको विनासकारी भूकम्पबाट पीडित बनेका नेपालका विभिन्न स्थानहरूमा आर्थिक सहयोग गरेका थिए । हङकङमा रहँदा उनले पहिलो पटक नेपाल हङकङ मगर संघ गठन गरेर संस्थापक अध्यक्षको रूपमा काम गरे । नेपालमा कोरोनाको सन्त्रासकाबीच चलिरहेको लकडाउन अवधिमा पनि उनले हङकङबाटै पीडित समुदायलाई खाद्यन्न तथा लत्ता कपडाहरू स्थानीय सरकारमार्फत सहयोग गरेका थिए । उनी अहिले पनि हङकङ नेपाली महासंघको संस्थापक उपाध्यक्ष छन् ।

पूर्व ब्रिटिस सेना समेत रहेका मगर आफ्नो पेन्सन मार्फत आएको रकमको आधा रकम जोगाएर समाजसेवामा खर्च गर्ने गरेको सुनाउँछन् । अघिल्लो वर्ष मात्रै चर्चित कार्यक्रम इन्द्रेणी मार्फत उनले दुवै मिर्गौला फेल भएर उपचार गराइरहेकी भिम कुमारी थापा मगरलाई नेपाली ३ लाख १५ हजार ८ सय २ रुपैयाँ आर्थिक सहयोग गरेका थिए । हङकङमा रहेका नेपालीहरूलाई सहयोगको लागि आह्वान गरेपछि मगरकै नेतृत्वमा सो रकम सहयोग जुटेको थियो । त्यसैगरी सुन्दरहरैचाकै विभिन्न वडाहरूमा विपन्न बालबालिकाहरूलाई उनले ब्यागसहित शैक्षिक सामग्रीहरू वितरण गरेका थिए ।

गाउँदेखि शहरसम्म विकास केहि गतिविधिहरू हुँदा स्थानीय सरकार एवम् जनप्रतिनिधिहरूले उनलाई नै सुरूमा खोज्ने गरेका छन् । उनले समाजमा गरेको उदाहरणीय कामहरूको बारेमा सुन्दरहरैचाका जनप्रतिनिधिहरूदेखि स्थानीय नगरवासीहरूले पनि खुलेरै प्रशंसा गर्ने गरेका छन् ।

# रौतहटमा पत्रकार फसाउने प्रहरीविरुद्ध षड्यन्त्रकारी मुद्दा

इसत्याक अहमद/मध्यान्ह
गौर, २१ भदौ



रौतहटमा एक पत्रकारको मोटरसाइकल भित्र लागूऔषध र खेर फसाउन खोजेको घटनामा मुछिएका दुई जना सादा पोसाकका घुमुवा प्रहरी माथि जिल्ला प्रहरीले षड्यन्त्रकारीमा मुद्दा चलाएको छ । गत बिहीबार जिल्ला न्यायाधिवक्ताको कार्यालयमा उनीहरूको बयान लिइंदा लागूऔषध राख्ने बेला दुवै जना प्रहरी घटनास्थलमै रहेका खुलेको थडियों । पत्रकारको मोटरसाइकलभित्र लागूऔषध राख्ने बेला घटनास्थलमा संलग्न प्रहरी सहायक निरीक्षक उदय यादव र प्रहरी जवान मनोज साहविरुद्ध षड्यन्त्रकारी ऐन अन्तर्गत मुद्दा चलाइएको रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए ।

प्रहरीको बिरोधमा एक स्थानीय रौतहट एक्सप्रेस अनलाइन न्युज पोर्टलमा समाचार आए पछि समाचार लेख्ने पत्रकारलाई सादा पोसाकका प्रहरीले फसाउन उनले चढने गरेको मोटर साईकलमा लागूऔषध राखेर नियन्त्रणमा लिएको थियो । जिल्ला प्रहरी कार्यालय रौतहटले रीसइवी सा'धेर निर्दोष व्यक्तिहरुलाई फसाउने कार्य गरेको घटना उदाँगो भएको छ ।

साउन ३२ गते बिआर ३० एस १८८५ नम्बरको भारतीय मोटरसाइकलमा लागुऔषध नाइट्राभेट सहित पक्राउ परेका दुई जनालाई जिल्ला प्रहरी कार्यालय रौतहटले नै फसाएको भिडियो (सिसिटिभी) फुटेज सार्वजनिक भएको थियो ।

प्रहरीको ग़लत कार्यको बिरोधमा समाचार लेखेको भन्दै पत्रकार मोजिबुल्लाह र अर्का एक जनालाई प्रहरीले साउन ३२ गते पक्राउ गरेको थियो

तर भदौं ७ गते पत्रकार सम्मेलन गरि जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सिद्धि विक्रम शाहले नेपाल पत्रकार महासंघ रौतहटका सह-सचिव सञ्जय शहनीले धिरज यादव र जितेशकुमार यादवलाई प्रयोग गरि मोजिबुल्लाहलाई फसाएको बताएका थिए

पत्रकारलाई लागूऔषध मुद्दामा फसाइएको घटना बाहिरिएपछि रौतहटका एसपी शाह प्रहरी प्रधान कार्यालय तानिएका छन् । उनलाई प्रधान कार्यालयको प्रशासन शाखामा तानिएको हो । त्यस पछि रौतहट प्रहरी प्रमुख बिहिन भएको छ । स्रोतका अनुसार जिल्ला प्रहरी कार्यालय रौतहट पठाउनका लागि प्रहरी प्रधान कार्यालयले दुई जना एसपीलाई जान भनेको भए पनि ती एसपी रौतहट आउन नमानेको समाचारस्रोतको भनाइ रहेको छ । एसपी शाह प्रधान कार्यालय तानिएपछि अहिले जिल्ला प्रहरी कार्यालय रौतहटमा डिएसपी नारायण प्रसाद चिमोरियाले निमित्त भएर प्रमुखको रुपमा चलाउदै आएका छन् ।

डिएसपी चिमोरियालाई पनि पत्रकार मोजिबुल्ला काण्डमा छानबिनको दायरामा ल्याउनुपने रौतहटका पत्रकारहरुले माग गदै आपका छन् । नेपाल पत्रकार महासंघ रौतहट शाखाले एसपी शाह र डिएसपी चिमोरिया दुबैलाई कार्वाहीको दायरामा ल्याउन माग गरेको भएपनि डिएसपी चिमोरियामाथि कुनै पनि छानबिन नभएको पत्रकारहरुको भनाइ रहेको छ ।


## नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ (FPTEN) को महाधिवेशन सम्बन्धी

**प्रथम पटक प्रकाशित मिति २०७८।०५।०९ को पुनः प्रकाशित सूचना**

नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ **(FPTEN)** को मिति २०७८/०५/०८ गते सम्पन्न केन्द्रीय महाधिवेशन आयोजक समितिको बैठकद्धारा सर्वसम्मत रुपले यस महासंघको विधानको दफा (१८) बमोजिम महासंघको गत २०७८/०१/०९ मा हुने भनिएको तर कोभिडका कारण २०७८/०१/०६ मा स्थगित दोस्रो महाधिवेशन देहायको मिति र स्थानमा सामाजिक दुरि तथा स्वास्थ सुरक्षा मापदण्डअनुसार हुने गरी गर्ने निर्णय गरिएकोले यस महासंघका केन्द्रीय सदस्य, एशोसिएट सदस्यहरु, प्रदेश समितिबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु, व्यवसायी संघका प्रतिनिधिहरु र वस्तुगत संघका प्रतिनिधिहरुबाट आउनुहुने सम्पूर्ण महासंघको प्रतिनिधिहरुलाई निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा यो पुरक सूचना पुनः जारी गरिएको छ ।

**महाधिवेशनको मिति, समय र स्थानः**

मिति : २०७८ भाद्र २४ गते
स्थान : भिदा क्याफे एन्ड पाटि प्यालेस, महाराजगन्ज चक्रपथ
समय : बिहान ९:०० बजे देखी

**अध्यक्ष तथा संयोजकः**
महाधिवेशन मुल आयोजक समिति
**नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ** (FPTEN)
काठमाण्डौ, नेपाल ।


## मुठभेडको...

१४ सांसदहरु पदमुक्त भएको सूँचना टाँस गर्ने भूमिकामा रहेका सभामुख सापकोटाले सत्तारुढ गठबन्धनको योजनाअनुसार, कारबाही नगरेको उनले बताए । अध्यक्ष ओली निकट नेताहरुले प्रतिनिधिसभा सञ्चालनमा सहजता नरहेको चेतावनी यसअघिबाटै दिदै आएका छन् ।

तर सरकारले भने संसद्बाट बजेट अध्यादेश संशोधन ल्याउने तयारी गरेको छ। ओली प्रधानमन्त्री हुँदा प्रतिनिधिसभा बैठक अन्त्य गरेर अध्यादेशबाट बजेट ल्याएका थिए । ३० वैशाखमा संसद्को सवैभन्दा ठूलो दलका नेताका रुपमा तेस्रो पटक प्रधानमन्त्री नियुक्त ओलीले संसद्बाट नभएर अध्यादेशबाट बजेट ल्याएका थिए । उनले विश्वासको मत समेत नलिई अध्यादेशबाट बजेट ल्याउने र ७ जेठमा प्रतिनिधिसभा दोस्रो पटक भंग गर्ने निर्णय गरेका थिए ।

तर दोस्रो पटक पनि गएको २८ असारमा प्रतिनिधिसभा पुनर्स्थापना हुँदै नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गरियो । यसपछि विकसित राजनीतिक घटनाक्रममा प्रधानमन्त्री देउवाले दल विभाजन सम्बन्धी अध्यादेश ल्याए । देउवाले ल्याएको दल विभाजन सम्बन्धी अध्योदशको आधारमा नेकपा एमाले विभाजित भयो ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले प्रतिनिधिसभाका २६, राष्ट्रियसभाका आठ र केन्द्रीय कमिटीका ६० जना केन्द्रीय सदस्य लिएर नेकपा (एकीकृत समाजवादी) गठन गरेका छन् । नयाँ दल गठन हुने भएपछि अध्यक्ष ओलीले माधव नेपाल सहित १४ जनालाई सांसदबाट पदमुक्त गर्ने निर्णय गरेका थिए । तर सभामुख सापकोटाले रोकेको भन्दै एमालेले बैठक चल्न नदिने तयारी गरेको छ ।

## आज...

प्रदेशसभा सदस्यसहित यो पार्टी सबैभन्दा ठूलो दल बनेको हो ।

एमालेबाट निर्वाचित प्रदेशसभा सदस्य माया तामाङ बोहराले आज प्रदेश निर्वाचन कार्यालय धनगढीमा पुगेर नवगठित पार्टीका पक्षमा सनाखत गराउनु भएसँगै प्रदेशसभामा यो पार्टी ठूलो दल बनेको हो ।

यसअघि नेकपा (एमाले)बाट निर्वाचित प्रदेशसभा सदस्य एवं भौतिक पूर्वाधार विकासमन्त्री दीर्घबहादुर सोडारी, आन्तरिक मामिला तथा कानूनमन्त्री पूर्णा जोशी, सामाजिक विकासमन्त्री लालबहादुर खड्का, राज्यमन्त्रीद्वय चुनकुमारी चौधरी र मनाकुमारी साउदले नवगठित पार्टीका पक्षमा सनाखत गरेका थिए ।

पूर्वराज्यमन्त्री प्रकाश रावल, एमाले संसदीय दलका प्रमुख सचेतक दुर्गाकुमारी कामी, पूर्वप्रमुख सचेतक तारा लामा तामाङ, पूर्वमन्त्री माया भट्ट, सुशीला बुढाथोकी, अमरबहादुर साउद, कुलवीर चौधरी र बलबहादुर सोडारीले पनि नयाँ पार्टीमा सनाखत गरेका थिए । मन्त्री सोडारी एमाले कैलालीको र पूर्वप्रमुख सचेतक तामाङ कञ्चनपुर एमालेको अध्यक्ष हुन् ।

प्रदेशसभामा अब नेकपा एमाले सभामुखबाहेक १० जनामा सीमित भएको छ । यसअघि प्रदेशसभामा नेकपा एमालेका २५ सदस्यसहित सबैभन्दा ठूलो दल थियो । प्रदेशसभामा नेकपा माओवादी केन्द्रका १३, नेपाली कांग्रेसका १२ र जनता समाजवादी पार्टीका दुई जना सदस्य छन् । प्रदेशसभामा विभिन्न दलका गरी जम्मा ५२ जना सदस्य छन् ।

आन्तरिक मामिला तथा कानूनमन्त्री जोशी र पूर्वमन्त्री माया भट्ट समाजवादी पार्टीको केन्द्रीय सदस्य हुन् । सरकारले ल्याएको दल विभाजन सम्बन्धी अध्यादेशमा यही भदौ २२ गतेसम्म नयाँ दल रोज्न पाउने व्यवस्था गरिएको जनाइएको छ ।

## सिटिइभिटीको ...

प्रतिशत अनौपचारिक क्षेत्रमा कार्यरत रहेको देखिएको प्रतिवदेनमा उल्लेख छ ।

प्रतिवेदनले वैदेशिक रोजगारमा जाने कुल संख्यामध्ये व्यावसायिक तालिमलाई सीप परीक्षण प्रमाणपत्र लिएका दक्ष जनशक्तिको यथार्थ विवरणको खोजी गर्दासमेत प्राप्त नभएको उल्लेख गरेको छ ।

तालिम प्राप्त जनशक्ति नभएका कारण रोजगारी प्राप्त नहुने वा रोजगारी प्राप्त भएपनि कम आयमा काम गर्नुपर्ने अवस्था रहेको भन्दै प्रतिवेदनले अन्तर्राष्ट्रिय श्रम बजार र रोजगारदाताको माग र मापदण्ड अनुसार सीपमुलक तालिम सुनिश्ति गरिनुपर्ने समेत औंल्याएको छ ।

## कुवेतमा...

प्रहरीले केही नेपालीलाई नियन्त्रणका लिएर ठूलो परिमाणमा मदिरा बरामद गरेको सामाचार सार्वजनिक भएको थियो ।

कुवेतमा अवैध मदिरा उत्पादन तथा बिक्रीका कारण नेपाली समुदाय बद्नाम हुँदै गएको बताइएको छ । यसै वर्षको शुरुमा अवैध घरेलु मदिरा बनाएर बिक्री गर्ने नेपाली गिरोह नै पक्राउ परेको थियो ।

अवैध मदिरा उत्पादनमा कुवेतमा अवैधरुपमा बसिरहेका नेपालीहरु संलग्न रहने गरेको नेपाली संघसस्थाका प्रतिनिधिहरुले बताउने गरेका छन् । कुवेतमा एक लाख पचास हजार बढी अवैध आप्रवासी देखिएका छन् । त्यसमा नेपालीहरुको संख्या पनि ठूलै रहेको बताइएको छ ।


## भूल सुधार

मिति २०७८/०५/२० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कतारमा रोजगार शिर्षकमा, कम्पनीः SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC, चलानी नं.: ६०१५६१६९ र L.T. No. : 237919 विज्ञापनमा अन्तर्वार्ता मिति २०७८ भदौ २८ गते (13 Sep. 2021) हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

STARIS HR SERVICES PVT. LTD.
Samakhusi-26, Kathmandu, Tel.: 01-4381145, 4365203

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०५/२२

यस कम्पनीको मिति २०७८/०४/१५ को विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **स्टुडेन्टस् नेक्टर स्कूल प्रा.लि. (प्रा.लि. नं. ११५२७५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०४/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ए प्लस ऐकेडेमी पर्सा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कतारमा रोजगारको अवसर | कम्पनी : AL WATANIA STEEL QATAR शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७७/१२/०२ | चलानी नं.: ६०१५५५७६ | L.T. No.: 237364 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 5 | 0 | | 1100 | ३५,२०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २९ गते (14 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

## कतारमा रोजगार | कम्पनीः URBACON TRADING & CONTRACTING शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७७/०९/१५ | चलानी नं.: ६०१६४००३ | L.T. No.: 235580 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 100 | 0 | | 1100 | ३५,२०० | | | | | | | |
| 3. | Carpenter | 255 | 0 | | 1100 | ३५,२०० | | | | | | | |

अन्तर्वार्ता सुनसरी, इटहरीको अञ्जली ट्रेनिङ्ग सेन्टरमा २०७८ भदौ २९ गते (14 September 2021) मा हुनेछ ।
अन्तर्वार्ता रामजानकी ट्रेनिङ्ग सेन्टर, जनकपुर, धनुषामा २०७८ भदौ ३० गते (15 September 2021) मा हुनेछ ।
अन्तर्वार्ता मुनामदन ट्रेनिङ्ग सेन्टर, झापा, बिर्तामोडमा २०७८ भदौ ३१ गते (16 September 2021) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौं सामाखुसीमा २०७८ असोज १ गते (17 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Advanced Management Consultants Pvt. Ltd.
Advanced Management Group Pvt. Ltd.
Gov. Lic No. 1470/074/075
Samakhusi 26, Kathmandu, Nepal, Tel: 4364211, Mob.: 9801080182, 9801044493
Email: info@amgroup.com.np, Website: www.amgroup.com.np

# WANTED

यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।



1. Manager - 1 Male/Female
2. Public Relation Officer - 2 Male/Female
3. Receptionist- 1 Female
4. Runner- 1 Male (Should have Bike Licence)

सम्वन्धित काममा कम्तीमा २ वर्षको अनुभव भइ अंग्रेजी रामो संग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्ने छ ।

* तलब आपसी सहमतिमा

D SQUARED GROUP PVT. LTD.
Sinamangal, Shambhu Marga, Opposite to Police Beat, Kathmandu
Contact No.: 4495529, 4497767, 9851165905, 9851166542, 9851110238
Email: dsquaredgroup23@gmail.com | Website: www.dsquardgroup.com.np


## हार्दिक श्रद्धाञ्जली



जन्मः २०१३/०५/१६

स्वर्गारोहणः २०७८/०५/११

**स्व. चन्द्र बहादुर गुरुङ**

हाम्रा शुभेच्छुक एवं रिभर ग्रुप प्रा. लि.का अध्यक्ष श्री रघुनाथ पुरीका पूजनीय ससुरा चन्द्र बहादुर गुरुङको ६५ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चिर शान्ति कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना ब्यक्त गर्दछौं ।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा
मध्यान्ह दैनिक
परिवार

# बालगृहमा बस्दै आएकी १२ वर्षीया बालिका बलात्कृत, वडा अध्यक्षको छोरामाथि आरोप

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, २१ भदौ

रूकुम पश्चिमको आठबिसकोट नगरपालिका-११ स्थित सिस्ने हिमाल बालगृहमा बस्दै आएकी एक १२ वर्षीया बालिकालाई वडा नम्बर १० का वडाअध्यक्ष तथा बालगृह सञ्चालकका छोरा कुस्माकर चनाराले बलात्कार गरेको आरोप लागेको छ। रवि नामले चिनिने कुस्माकर चनाराले आफूमाथि पटकपटक बलात्कार गर्दै आएको पीडित बालिकाले जनाएकी छन् । उनले मध्यान्हसँग भनिन्, 'बाहिर कतै हल्ला फिजाएमा,अरु साथिभाइसँग भनेमा तँलाई मार्छु भन्दै ममाथि निरन्तर बलात्कार भयो ।'

आठबीसकोट नगर अस्पतालमा गरिएको गर्भपरीक्षणको स्वास्थ्य रिपोर्टमा ती पीडित बालिकाको पेटमा साढे २ महिनाको गर्भ रहेको खुलेको छ । न्यायिक समितिमा उजुरी दिएपछि पीडित बालिकाले भदौ १९ गते गर्भ परीक्षण गरेकी हुन् । उनले भदौ २० गते नगरपालिकाको न्यायिक समितीमा उजुरी दिएकी थिइन्। त्यस लगत्तै नगरपालिकाका प्रमुख गोर्ख बहादुर केसीले दोषीलाई कानून बमोजिमको कारबाही गर्न जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमलाई पत्राचार गरेका थिए । प्रशासनले आइतबार नै प्रहरीलाई अनुसन्धान अगाडि बढाउन पत्राचार गरिसकेको जनाइएको छ ।



इलाका प्रहरी कार्यालय आठबिसकोटका प्रहरी प्रमुख प्रहरी निरीक्षक प्रशुराम चौधरीका अनुसार बाल गृह सञ्चालक सुनिता चनारा र वडाअध्यक्ष गंगाराम चनारालाई जिल्ला प्रहरी कार्यालयमा झिकाइएको छ। पीडित बालिकाको जाहेरीपछि आरोपी कुस्माकरको खोजी कार्य भैरहेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ। आठबीसकोट नगरपालिका- ११ स्थित सिस्ने हिमाल बालगृहमा बस्दै आएकी ती बालिकाले बालगृह सञ्चालकका छोराले आफूलाई बलात्कार गरेको, वडा अध्यक्ष गंगराम चनाराले यौन शोषण र उनकी श्रीमती सुनिता चनाराले शारीरिक यातना र श्रम शोषण गर्दै आएको भन्दै प्रहरीमा जाहेरी दिएकी छन् ।

जिल्लाको आठबिसकोट नगरपालिका -११ मा सञ्चालित सिस्ने हिमाल बालगृहमा २०७४ सालमा भर्ना गरिएकी ती बालिका दुई वर्षदेखि निरन्तर बलात्कारको शिकार बन्दै आएको उजुरीमा उल्लेख छ ।

पीडित बालिकाले दिएको जाहेरीमा २०७७ साल चैतको अन्तिममा लकडाउनको समयमा बालगृह सञ्चालिका सुनिता चनाराले आफ्नो घरमा लिएर घरायसी कामकाजमा लगाउने गरेकी थिइन्। गत भदौ १७ गते आफू एक्लै कोठामा पढिरहेको मौका छोपी वडा अध्यक्ष गंगाराम चनाराले नराम्रो नियतका साथ टाउको थिचेर कानमा औंला राखेर यौन शोषण गरेको पीडित बालिकाले बताएकी छन् ।

'जनप्रतिनिधिको घरभित्रसमेत बालिका सुरक्षित नहुनु दुःखको कुरा हो,' स्थानीय तेजेन्द्र बटालाले मध्यान्हसँग भने, 'यो घटनाको मुख्य योजनाकार वडाअध्यक्ष हुन् । उनको मिलेमतोमा नै बालिका बलात्कारको शिकार बनेकी हुन् । बालगृह जस्तो पवित्र ठाउँमा संरक्षक मानिनेबाटै बलात्कार हुनुले जनप्रतिनिधिको नियतमाथि नै प्रश्न उठेको छ । बालबालिकाको भविष्यमाथि खेलबाड गर्ने यस्ता बालगृह तत्काल बन्द गर्नुपर्छ ।' अनाथ, असहाय बालबालिकाका लागि सञ्चालनमा ल्याइएको बालगृहमा बलात्कार, यौनशोषण, शारीरिक यातना दिने जस्ता जघन्य अपराधका कार्य भैरहेको भन्दै अहिले चौतर्फी विरोध भइरहेको छ ।

# नवलपरासीमा ८ लाख बढीको अवैध सामान नियन्त्रणमा

**सहबान अन्सारी/ मध्यान्ह**
नवलपरासी, २१ भदौ

नवलपरासीमा अवैध भन्सार छली चोरी पैठारीमा संलग्न २ वटा मोटरसाइकल र एक अटो रिक्सासहित अन्दाजी ८ लाख ९ हजार ३ सय ५० मुल्य बराबरको अवैध मालसामान बरामद गरिएको छ।

सोमबार पाल्हिनन्दन गाउँपालिका वडा नं. २ भक्सीपुर स्थित भारतबाट भन्सार छली अवैध रुपमा ल्याउँदै गरेको अन्दाजी ४१ हजार ८ सय ५० मुल्य बराबरको भेष्ट, हाप पाइन्ट, कट्टु, सर्ट लगायतका विभिन्न कपडा सीमा प्रहरी चौकी महेशपुरबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको हो । यसैगरी सुस्ता गाउँपालिका वडा नं. १ बरुवाबाट तस्करीमा संलग्न एक अटो रिक्सा र चालकसहित अन्दाजी ५ लाख ८३ हजार ५ सय मुल्य बराबरको पोलो कम्पनीको टिसर्ट ४८१ पिस, २१ मिटर थान कपडाहरु गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको छ ।



उक्त कपडा भारतबाट भन्सार छली अवैध रुपमा अटो रिक्सामा राखि नेपालतर्फ ल्याउँदै गरेका थिए ।

त्यसैगरी पाल्हिनन्दन गाउँपालिका वडा नं. ४ लोहरौलीमा भारतबाट नेपालतर्फ युपी ५६ आर १७४२ र युपी ५७ एजे ४५३१ नम्बरका २ वटा भारतीय मोटरसाइकलमा राखि अवैध रुपमा ल्याउँदै गरेको १ लाख १४ हजार मुल्य बराबरको ७ थान १२ भोल्टको ब्याट्रीसहित उल्लेखित २ वटै मोटरसाइकल प्रहरी चौकी गेर्मीबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको छ ।

उक्त सामान मोटरसाइकलमा ल्याउँदै गर्दा प्रहरी टोलीलाई देखि सामान र मोटरसाइकल फाली मानिस भागेका थिए । नियन्त्रणमा लिएको २ वटा मोटरसाइकल, एक अटोरिक्सा, अटोरिक्सा चालक र सम्पुर्ण मालसामान आवश्यक कारबाहीको लागि महेशपुर भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ ।

# काठमाडौं उपत्यकाका विद्यालय असोज १ गतेदेखि खुल्ने



**काठमाडौं/मस–** काठमाडौं उपत्यकामा आगामी असोज १ गतेदेखि विद्यालय खुल्ने भएका छन् ।

काठमाडौं उपत्यकाका प्रमुख जिल्ला अधिकारी र स्थानीय तहहरूबीच भएको बैठकले असोज १ गतेदेखि विद्यालय खोल्ने निर्णय गरेको हो । बैठकले स्थानीय तहहरूले अभिभावक र शिक्षकसँग छलफल गरेर कोरोनाको अवस्था मूल्यांकन गरी असोज १ गतेदेखि विद्यालय सञ्चालन गर्न सकिने निर्णय गरेका छ । विद्यालय सञ्चालन गर्दा नगरपालिकाहरूले अनिवार्य सरकारले तोकेको स्वास्थ्य मापदण्ड पालना भएको/नभएको नियमित नियमन गर्नुपर्ने छ ।

जिल्ला प्रशासन कार्यालयले अघिल्लो साता नै उपत्यकामा विद्यालय सञ्चालन गर्न सक्ने गरी आदेश जारी गरेसँगै स्थानीय तहहरूले विद्यालय खोल्ने तयारी गरेका थिए । धेरै विद्यार्थीहरू अनलाइन कक्षा लिनबाट बञ्चित भएको भन्दै भौतिक रूपमै कक्षा सञ्चालन गर्नुपर्ने स्थिति रहेको प्रशासनले जनाएको छ ।

# हलियामुक्त समाज बझाङद्वारा प्रधानमन्त्रीलाई ज्ञापन पत्र

**तरुणा जोशी/मध्यान्ह**
बझाङ, २१ भदौ

१३ औँ हलियामुक्त दिवसको अवसर पारेर जिल्ला हलिया मुक्त समाज बझाङले प्रमुख जिल्ला अधिकारी मोहन अधिकारीमार्फत प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापनपत्र बुझाएको छ ।

२ हजार ८ सय ४८ जना हलिया घरधुरीमध्ये २ हजार ७ सय ३ जना घरधुरीले मात्र पुनर्स्थापनाको प्याकेज प्राप्त गरेको र १ सय ४५ जना घरधुरी अहिले पनि सेवा पाउँन बाँकी रहेकाले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयबाट यथाशिघ्र बाँकी परिवारलाई पुनर्स्थापना प्याकेजमा समावेश गराउन माग राख्दै सोमबार प्रमुख जिल्ला अधिकारीमार्फत ज्ञापनपत्र बुझाइएको हो । प्रमुख जिल्ला अधिकारी मोहन अधिकारीलाई ६ बुँदे ज्ञापनपत्र बुझाउँदै हलियाहरुका माग पूरा गर्न माग गरिएको छ । 'पाँच बुँदे सहमती र १० बुँदे सिफारिसको भावना र मर्म अनुरुप काम हुन नसक्दा मुक्त घोषणको लामो समयदेखि पीडादायी जीवन जिउन बाध्य छन्। उनीहको पुनर्स्थापनाको समयावधि लम्बिदै जाँदा मुक्त हलियाहरुको उचित व्यवस्थापन



शिक्षा, स्वास्थ्य, रोजगारी, आयआर्जन दिगो जीविकोपार्जन, सामाजिक सशक्तिकरण र समावेशीकरण सम्बन्धी मुद्दाहरुमा सरकार गम्भीर हुन सकेको छैन् । त्यसैले यो ज्ञापनपत्र बुझाएका छौँ ' ज्ञापन पत्रमा भनिएको छ ।

हलियाहरुको व्यवस्थापन गर्न संघीय प्रदेश स्थानीय सरकारले एकआपसमा समन्वय गरी छुट मुक्त हलियाहरुको अवस्था अध्ययन, तथ्यांक संकलन, प्रमाणीकरण र परिचय पत्र वितरणसहित न्यायोचित पुनर्स्थापना कार्यक्रम अघि बढाउनुपर्ने हलिया मुक्ति समाजका सल्लाहकार समितिका संयोजक सुनिल कुमार दमाइले बताए। ६ बुँदे मागसहितको ज्ञापनपत्र बुझाउँदै जिल्ला हलिया मुक्त समाजका बझाङका अध्यक्ष चक्र बहादुर सार्कीले हलियाको माग प्रति सरकार सधैँ गम्भीर हुनुपर्ने बताए । सरकारले मुक्त हलियाको नारा दिएर आफुहरुलाई घरवार विहीन अवस्थामा छोडेको अध्यक्ष सार्कीले बताए ।

हलिया मुक्ति समाजका सल्लाहकार समितिका संयोजक सुनिल कुमार दमाइ, हलियाका केन्द्रीय सदस्य तथा जिल्ला सचिव मंगल सार्की, कोषाध्यक्ष गीता नेपाली र सदस्य सुमन वि.क नागरिक समाजका अध्यक्ष धर्मजंग बहादुर सिंह र पत्रकार सहितको उपस्थितिमा प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाईज्ञापनपत्र बुझाइएको हो ।

# बेलायती महारानी एलिजाबेथले राजा वीरेन्द्रलाई उपहार दिएको बग्गी सार्वजनिक

**काठमाडौं/मस–** नारायणहिटी दरबार संग्रहालयमा बेलायती महारानी एलिजाबेथ द्वितीयाले नेपालको पूर्वराजपरिवारलाई उपहार दिएको बग्गी सार्वजनिक गरिएको छ ।

सोमबार संग्रहालयमा आयोजित एक कार्यक्रमकाबीच संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव यादवप्रसाद कोइरालाले बग्गी प्रदर्शनीको उद्घाटन गरेका हुन्। उक्त गोल्डेन बग्गी बेलायतकी महारानी एलिजाबेथले २०३१ सालमा तत्कालिन राजा वीरेन्द्रलाई दिएको संग्रहालयले जनाएको छ ।



राजाको राज्याभिषेकमा प्रयोग गरिएको उक्त बग्गी नारायणहिटी संग्रहालयमा राखिँदै आएको थियो । नेपालमा राजतन्त्रको अन्त्यसँगै संग्रहालयमा बदलिएको नारायणहिटी दरबारमा रहेका यस्ता सामग्री चरणचरणमा सार्वजनिक गरिँदै आएका छन् ।

कार्यक्रममा सचिव कोइरालाले राजा महाराजाले प्रयोग गरेका बग्गी, सवारीसाधान लगायतका वस्तुलाई क्रमशः प्रदर्शनमा राख्ने बताए । ऐतिहासिक महत्वको क्षेत्र नारायणहिटीलाई थप अनुसन्धान खोजका लागि मास्टर प्लान बनाएर नै अघि बढ्ने योजना रहेको उनले बताए ।

त्यस्तै नारायणहिटी दरबार संग्रहालयका कार्यकारी निर्देशक भेषनारायण दाहालले २०७८ सालको निजामति सेवा दिवसका अवसरमा गोल्डेन बग्गी प्रदर्शनी गरिएको बताए । उनले तत्कालीन राजा वीरेन्द्रको राज्याभिषेकमा पहिलोपटक प्रयोग गरिएको उक्त बग्गी जस्तै अर्को बग्गी बकिंघम दरबारमा रहेको जानकारी दिए । काठमाडौं महानगरपालिका वडा नं. १ मा रहेको नारायणहिटी दरबार परिसर ७ सय ५४ रोपनी क्षेत्रफलमा फैलिएको छ । परिसर उत्तरतर्फ सेनाको एक पृतना कार्यालय छ। मध्य भागमा महेन्द्र मन्जिल छ । पूर्वतर्फ गणतन्त्र स्मारक र पश्चिमतर्फ परराष्ट्र मन्त्रालयको राहदानी विभाग छ । दरबारभित्र विभिन्न बैठक कोठा, पूर्वराजारानीका शयन कक्ष, राजकीय पाहुनाहरूले प्रयोग गर्ने कक्षसहितका ५२ वटा कोठा छन् । तीमध्ये ३२ वटा कक्ष प्रदर्शनीमा ल्याइएका छन् ।

# बारानेमा पहिरोले एक घर बगायो



**रमन वन/मध्यान्ह**
सोलुखुम्बु, २१ भदौ

सोलुखुम्बुको सोलुदुधकुण्ड नगरपालिका ७ बारानेमा पहिरोले एक घर बगाएको छ भने दुई घर उच्च जोखिममा परेको छ। निरन्तरको वर्षासँगै आएको पहिरोले स्थानीय सावित्रा कार्कीको घर बगाएको हो। यस्तै स्थानीय इन्द्र कार्की र टेक बहादुर कार्कीको घर उच्च जोखिममा परेको सोलुदुधकुण्ड नगरपालिकाकी उपमेयर कल्पना राईले मध्यान्हलाई जानकारी दिइन् ।

लगातारको वर्षाका कारण जमिन भासिँदा सो क्षेत्रका करिब ८ घर विस्थापित भएको नगरपालिकाले जनाएको छ । पहिरोको जोखिम उच्च भएपछि केही दिनअघि मानिस तथा घर भित्रका सामग्रीहरु सुरक्षित स्थानमा सारिएको उपमेयर राईले बताइन् ।

उक्त पहिरोका कारण सदरमुकाम सल्लेरीबाट जिल्लाको कोशीपारीका क्षेत्रहरु जोड्ने मुख्य सडकसमेत जोखिमपूर्ण बनेको छ। जमिन भसिएका कारण जोरबौद्ध नेले अन्तर्गत नाजिङमा पक्की सडक नै भासिँदा ठुला मालबहाक सवारी सञ्चालनमा चुनौती सिर्जना भएको स्थानीय भलाकाजी कार्कीले गुनासो गरे ।

२०७२ सालको भुकम्पपछि भासिन शुरु भएको सो क्षेत्रमा निरन्तरको झरीसँगै बस्ती नै विस्थापित हुने गरी पहिरो जान थालेको स्थानीयले बताएका छन्। बस्ती विस्थापित भएपनि बाराने क्षेत्रका कतिपय अन्यन्त्र बसाई सरेका छन्। वर्षा जारी रहेकाले अझ धेरै पहिरो जान सक्ने सम्भावना रहेको स्थानीयवासीले बताएका छन् ।

**माइग्रेशन सर्टिफिकेट हरायो**

मिति २०७८/०३/०४ गते कोटेश्वर देखि भक्तपुरसम्म जाँदा मेरो निम्न ब्यहोरा भएको माइग्रेशन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावहरुले निम्न ठेगानामा या नजिकैको प्रहरी कार्यालयमा बुझाइ दिनु हुन अनुरोध छ ।

नामः राजेश राई
ठेगानाः त्रियुगा-२, उदयपुर
स्मिबोल नं.: 24005605
रजिष्ट्रेशन नं.: 724040054
सर्म्पक नं.: ९८२३७११७२४

**साउदीमा रोजगार** | कम्पनीः FAHAD ABDULAZIZ AL HASUN CONTRACTING EST.
शहरः Saudi
पूर्व स्वीकृत मितिः २०७८/०५/२१ चलानी नं.: ६०१६२४९५ LT. No.: 244879

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 10 | 0 | स. काममा दक्ष | 1200 | ३७,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २९ गते (14 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**कान्तिपुर ओभरसिज सर्भिसेज प्रा.लि.**
श्रम इजाजत पत्र नं.: १६७/०५६/०५७
सामाखुसी, काठमाडौं, फोनः ४३६०६१५, ४३६१९१६, ४३८५४९९, ४३८५६८९, ४३५३८२६
फ्याक्सः ४३६०६१६, E-mail : info@kantipuroverseas.com/kantipuros@hons.com.np

**QATAR मा रोजगार** | १. कम्पनीः LAFAZA LIKHDMAT ALTJARYH
शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/२१ चलानी नं.: ६०१६२५०२ LT. No.: 244830

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 20 | 0 | स. काममा दक्ष | 1700 | ५४,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

नोटः मोटरसाइकल ड्राइभर को सम्बन्धमा कतारको VALID लाइसेन्स अनिवार्य हुनुपर्नेछ

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २९ गते (14 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Rawal International Pvt. Ltd.**
श्रम इजाजत नं.: १०५८/०७३/०७४
Sinamangal - 09, Kathmandu, Nepal, Tel : +977-1-4588550, 9818022945

**कतारमा रोजगार** | १. कम्पनीः VERA CLEANING & MAINTENANCE
शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/२१ चलानी नं.: ६०१६२५१८ L.T. No.: 245001

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 30 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 15 | 0 | | 1000 | ३२,००० | | | | | | | |
| 3. | Supervisor | 0 | 1 | | 2700 | ८६,४०० | | | | | | | |
| 4. | Driver | 2 | 0 | | 1900 | ६०,८०० | | | | | | | |

२. कम्पनीः ITALIANO HOSPITALITY AND CLEANING WLL शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/१० चलानी नं.: ६०१६१९६६ L.T. No.: 244498 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 7 | स. काममा दक्ष | 1000 | ३२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः CARE WAY TRANSPORTING & CONTRACTING CO WLL शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/१० चलानी नं.: ६०१६१९६२ L.T. No.: 244502 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Safety Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2800 | ८९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 33 | 0 | | 1000 | ३२,००० | | | | | | | |
| 3. | Qabar Digger | 2 | 0 | | 1500 | ४८,००० | | | | | | | |
| 4. | Driver | 5 | 0 | | 1900 | ६०,८०० | | | | | | | |
| 5. | Truck Driver | 4 | 0 | | 2000 | ६४,००० | | | | | | | |
| 6. | Heavy Vehicle Driver | 1 | 0 | | 2000 | ६४,००० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २९ गते (14 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@Gmail.com

## सम्पादकीय

### प्राथमिकतामा नागरिक !

प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभा सञ्चालनमा सहजता नरहेको सन्देश दिएका छन् । सोमबार राजधानीमा आयोजित एक कार्यक्रममा ओलीले सभामुख अग्निप्रसाद सापकोटा विरूद्ध कडा चेतावनी दिए । सभामुख सापकोटाले सभामुखको भूमिका निर्वाह नगरी गठबन्धनको प्यादा बनेको आरोप लगाए । दोस्रो पटक प्रतिनिधिसभा पुनर्स्थापना भएपछि सभामुख सापकोटाले दिएको अभिव्यक्ति र एमालेले कारबाही गरेका १४ सांसदलाई पदमुक्त नगरेकोमा ओलीको असन्तुष्टि थियो । एमालेले कारबाही गरेका १४ सांसदहरू पदमुक्त भएको सूँचना टाँस गर्ने भूमिकामा रहेका सभामुख सापकोटाले सत्तारूढ गठबन्धनको योजनाअनुसार, कारबाही नगरेको ओलीको अभिव्यक्ति थियो । अध्यक्ष ओली निकट नेताहरूले प्रतिनिधिसभा सञ्चालनमा सहजता नरहेको चेतावनी यसअघिबाटै दिदै आएका छन् ।

तर सरकारले भने २३ भदौमा प्रतिनिधिसभा बैठक बोलाएका छन् । गएको ३२ साउनमा संसद् अधिवेशन अन्त्य गरेर दल विभाजन सम्बन्धी अध्यादेश ल्याएको थियो । उक्त अध्यादेशका आधारमा एमाले र जनता समाजवादी पार्टी (जसपा) विभाजित भएको छ । दल विभाजन सम्बन्धी अध्यादेशले संसदीय दल वा केन्द्रीय कमिटीमा २० प्रतिशत संख्या भए दल विभाजनले मान्यता पाउने व्यवस्था गरेको थियो । सोही व्यवस्थाअनुसार पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले एमाले विभाजन गरी नेकपा (एकीकृत समाजवादी) गठन गरेका छन् भने महन्थ ठाकुरले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) गठन गरेका छन् । आज नयाँ दलमा जाने जनप्रतिनिधिहरूलाई समय दिइएको छ । पार्टी विभाजन गर्नेगरी अध्यादेश ल्याइएकोमा प्रमुख विपक्षी दल आक्रोशित छ, उसले प्रतिनिधिसभा बैठक सञ्चालन गर्न नदिने चेतावनी दिएको छ ।

प्रतिनिधिसभाको एमाले अहिले पनि प्रमुख दल हो । एमालेसँग ९८ सांसद छन् । अतः जनताको आवाज उठाइनुपर्ने प्रतिनिधिसभा बैठकमा यसपटक राजनीतिक विषय प्रमुख बन्ने देखिन्छ । हुन त लगातार संसद् अधिवेशन राजनीतिक कारणले सञ्चालन हुन सकिरहेको छैन । यसअघिका प्रतिनिधिसभा अधिवेशनहरू स्वयम् ओलीले चल्न नदिई हठात् अन्त्य गरिदिने र विघटन नै गरिदिने गरेका थिए । अहिले फेरि राजनीतिक विषयलाई लिएर संसद् चल्न नसक्ने अवस्था सिर्जना हुने खतरा छ । जबकी अहिले पनि संसदमा जनताको आवाज बोलिन जरूरी छ । किनकि मुलुक विश्वव्यापी कोरोना महामारीका कारण सामान्य अवस्थामा फर्कन सकेको छैन भने बेरोजगारी, गरीबी र अशिक्षा जस्ता विषय सम्बोधन सजिलो छैन ।

## सामाजिक सञ्जाल



कांग्रेस तिमीलाई कसरी प्रजातन्त्रको सेनानी भनौ म, आँखा भरिएर आउँछ मेरो, तिमी बिग्रिएको देख्दा ! राष्ट्रघाती एमसीसी पास गराउन र आफ्ना जनतालाई विदेशीको गुलाम बनाउन हात धोएर लागेका छौ । निजी स्वार्थका लागी, अनि जनता कोही बिरोधमा उत्रियो भने जेल चलान गर्छु भन्ने कस्तो प्रजातन्त्र हो ?

**- नारायण भट्टराई**




हिजो जनताको आवाजलाई बन्द गर्न पाइन्न भन्दै कुर्लने टेपकुमारी झाँत्री, आज उनकै सरकारले एमसीसी र भारतको विरूद्धमा बोल्नेलाई कारबाही गरिने विज्ञप्ति जारी गर्दा त मुखको टेप नखोली चुप भएर बसेको देखिन्छ त ! अनि हिजोका अगुवा, बुद्धिजीवी वर्गलाई पनि कम्फर्ट फिल नै भाको हो अहिले ?

**- शैलेन्द्र थापा**



तीन करोड नेपालीको विरोधको बाबजुद पनि एमसीसी पुराना पार्टी र तिनका नेता भनाउँदाहरूले जबरदस्ती ल्याउछन् भने पार्टी र नेतालाई घर-घरबाट बहिष्कार गर्नुपर्छ र देश बेचुवाहरूको पोष्टर बनाएर जनतालाई सुशूचित गराउनु पर्छ । नदीनाला भारतलाई देश अमेरिकालाई । हामी नेपाली जनता स्वाभिमानी राष्ट्रको लागी ।

**- पुरूषोत्तम ढुंगेल**



विद्यालय खोल्ने सरकारको निर्णय । विद्यालय सञ्चालकहरूले के-के तयारी गरी राखेका छन् खोल्नु अगाडि ? विद्यार्थीहरूलाई कसरी राख्ने कक्षा कोठामा, समूहगत कार्य कसरी गराउने, शिक्षकहरूले के गर्ने आदी इत्यादी के छ तयारी ? अभिभावकहरूको मनोद्शालाई पनि ध्यानमा राख्नै पर्ला ।

**- डा. लुना भट्ट शर्मा**



असंलग्न परराष्ट्र नीति च्यातेर कहिले देखि नेपाल अमेरिकाको सुरक्षा छातामा लग्यौ ? ओलीले जवाफ देउ, झवालीले जवाफ देउ ! एमसिसी इन्डोप्यासिफिक रणनीतिको अंग हो भनेर प्रष्टभन्दा भन्दै यसलाई किन नेपाल प्रवेश गरायौ ? बाबुराम, वर्षमान, प्रचण्ड, शेरबहादुर, ज्ञानेन्द्र र युवराजहरूले जवाफ देउ !

**- अनिल राम**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# 'सत्ता गठबन्धन संकटमा छ भन्न मिल्दैन'



मन्त्रिपरिषद् विस्तारमा सत्तारुढ गठबन्धनभित्र किचलो भईरहेको बेला राष्ट्रिय राजनीतिमा नयाँ-नयाँ मुद्दाहरु देखा परेका छन् । यसअघि समाधान भईसकेको नेपाल-चीन सीमा विवाद र सुसुप्त अवस्थामै रहेको एमसीसीको विषय चुलिएर आएको छ । नयाँ मुद्दाहरु अगाडि आउँदै गर्दा प्रधानमन्त्री शेरबहादुर देउवा विपक्षी दल नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीसँग पटक-पटक छलफलमा जुटेका छन् । एमाले अध्यक्षबाट गठबन्धन फुट्दैछ भन्ने अभिव्यक्ति दिएका बीच देखिएका नयाँ घटनाक्रमले गठबन्धन र सत्ता राजनीतिक कता जाँदैछ भन्ने प्रश्न उब्जाएको छ । हामीले यी विषयमा केन्द्रित रहेर सत्तारुढ नेकपा (माओवादी केन्द्र)का नेता गणेश शाहसँग केहि जिज्ञासा राखेका छौं । नेता शाहसँग गरिएको छोटो कुराकानीको सम्पादित अंश :

**चीनसँगको सीमाको विषय र एमसीसीको विषय एकैपटक चर्चामा छ । प्रधानमन्त्री देउवाले दुवै विषयलाई प्राथमिकतामा राखेको देखिन्छ ? के यो गठबन्धनको सहमतिमा आएको विषय हो ?**

अहिले कांग्रेसभित्रका केहि आन्तरिक विषय बाहिर आएका छन् । हिजो सुसुप्त अवस्थामा रहेको मुद्दा सरकारमा गएसँगै बाहिरिएको हो । सायद यसको समाधान खोजी देउवा जी गर्दै हुनुहुन्छ । हामी न्यूनतम साझा कार्यक्रम बाहिर गएर अनावश्यक विषयलाई उचाईमा ल्याउन चाहन्नौं ।

